प्रदेश लोक सेवा आयोग
बागमती प्रदेश

प्रदेश लोक सेवा आयोग
बागमती प्रदेश
हेटौंडा, मकवानपुर

# पदाधिकारी, दक्ष/विज्ञ र कर्मचारीहरूको आचार संहिता, २०७६

प्रस्तावनाः प्रदेश लोक सेवा आयोगले आफ्नो कर्तव्य पालना गर्ने सिलसिलामा सम्पादन गर्ने सम्पूर्ण काम कारवाहीलाई प्रभावकारी र विश्वसनीय बनाई सुशासनको मूल्य मान्यता अनुरूप स्वतन्त्र, निष्पक्ष एवम् वस्तुनिष्ठ बनाउनका लागि आयोगका पदाधिकारी, दक्ष/विज्ञ र कर्मचारीहरूको आचरणका सम्बन्धमा व्यवस्था गर्न प्रदेश लोक सेवा आयोग ऐन २०७६ को दफा ११३ को आधारमा सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा २३ को उपदफा (२) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशको मिति २०७६ साल चैत्र ७ गते बसेको बैठकले यो आचार संहिता स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ।

## परिच्छेद – १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

१.१ यो आचारसंहिताको नाम "पदाधिकारी, दक्ष/विज्ञ र कर्मचारीहरूको आचार संहिता, २०७६" रहेको छ।

१.२ यो आचारसंहिता प्रदेश लोक सेवा आयोगबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आचार संहितामा,

२.१ "प्रदेश" भन्नाले बागमती प्रदेशलाई सम्झनु पर्छ।

२.२ "आयोग" भन्नाले प्रदेश लोक सेवा आयोगलाई सम्झनु पर्छ।

२.३ "पदाधिकारी" भन्नाले आयोगका अध्यक्ष र सदस्यलाई सम्झनु पर्छ।

२.४ "दक्ष/विज्ञ" भन्नाले आयोगबाट सञ्चालन हुने परीक्षा सँग सम्बन्धित पाठ्यक्रम निर्माण तथा शैक्षिक योग्यता निर्धारण, प्रश्नपत्र निर्माण र परिमार्जन, उत्तरपुस्तिका परीक्षण र अन्तर्वार्ता लगायतका विषयसँग सम्बन्धित ज्ञान तथा अनुभव भएको व्यक्ति वा विशेषज्ञ सम्झनु पर्छ। सो शब्दले त्यस्तो विषयको ज्ञान तथा अनुभव भएको पदाधिकारी र आयोगका कर्मचारी समेतलाई जनाउँछ।

२.५ "कर्मचारी" भन्नाले आयोगमा कार्यरत कर्मचारीलाई सम्झनु पर्छ र सो शब्दले आयोगको काममा खटिएका वा परीक्षा सञ्चालन वा अन्य प्रयोजनका लागि खटिएका अन्य निकायका कर्मचारी वा व्यक्तिलाई समेत जनाउँछ।

२.६ "नाता सम्बन्ध" भन्नाले पति, पत्नी तथा छोरा-छोरी, धर्मपुत्र-धर्मपुत्री, दाजु-भाई, दिदी-बहिनी, भाउजु-बुहारी, काका-काकी, ठूलोबुवा-ठूलीआमा, सानाबा-सानीआमा, भतिजा-भतिजी, भाञ्जा-भाञ्जी, भिनाजु-ज्वाइँ, मामा-माइज्यू, फुपु-फुपाज्यू, साला-साली र तिनका छोराछोरी सम्झनु पर्छ।

३. आचारसंहिता लागू हुने व्यक्तिहरू:

(क) आयोगका पदाधिकारीहरू,

(ख) आयोगको काममा संलग्न दक्ष/विज्ञहरू

(ग) आयोग र अन्तर्गतका कार्यालयहरूमा कार्यरत कर्मचारीहरू,

(घ) आयोगको काममा संलग्न अन्य निकायका कर्मचारीहरू,

(ङ) आयोगको तर्फबाट गरिने कार्यमा आयोगले खटाएका व्यक्तिहरू।

द्रष्टव्य: आयोगद्वारा करारमा नियुक्त व्यक्ति वा संस्था वा विशेषज्ञ वा सल्लाहकारको हकमा यस आचार संहिता र करारमा उल्लेख भए बमोजिमका सर्तहरू समेत आकर्षित हुनेछ।

प्रदेश लोक सेवा आयोग
बागमती प्रदेश
हेटौंडा, मकवानपुर

## परिच्छेद –२
## पदाधिकारीहरूको आचरण

४. गोपनीयता सम्बन्धी आचरण:

४.१ परीक्षा सम्बन्धी कुनै काममा सहभागी हुँदा आफूले थाहा पाएको सूचनाहरू गोप्य राख्नु पर्नेछ।

४.२ आ-आफ्नो जिम्मेवारीका काममा संलग्न पदाधिकारीहरू, दक्ष/विज्ञहरू र कर्मचारीहरूको कार्यहरूमा गोपनीयताको भरपर्दो व्यवस्था मिलाउन आवश्यक नीतिगत र संरचनागत व्यवस्थाहरू गर्न सदैव प्रयत्नशील र सचेत रहनु पर्नेछ।

५. स्वतन्त्रता र निष्पक्षता सम्बन्धी आचरण:

५.१ आयोगले सञ्चालन गर्ने परीक्षाका विभिन्न चरणहरूमा कसैको प्रभावमा नपरी दक्ष/विज्ञ वा कर्मचारी खटाउने कार्य गर्नुपर्ने छ ।

५.२ आफ्नो जिम्मेवारी निर्वाह गर्दा भेदभाव नगरी र मोलाहिजा वा कुनै पनि किसिमको दबाबमा नपरी निष्पक्ष ढङ्गले सम्पादन गर्नुपर्ने छ।

५.३ आयोगको काममा खटाइएका दक्ष विज्ञ तथा कर्मचारीहरूलाई प्रचलित ऐन, नियम, निर्देशिका, कार्यविधि विपरित हुने गरी कुनै काम गर्न वा नगर्न दबाब दिने वा अनुचित प्रभाव पार्ने काम गर्नु हुँदैन। तर, यस दफाले आयोगको कामलाई प्रभावकारी बनाउन र आयोगको मर्यादा र मूल्यको प्रवर्द्धन गर्न एवम् प्रचलित ऐन, नियम र निर्देशिका वा कार्यविधिहरूको कार्यान्वयन गर्न गराउन सम्बन्धित दक्ष विज्ञ वा कर्मचारीलाई आवश्यक निर्देशन दिन बाधा पर्ने छैन।

६. अभिव्यक्ति सम्बन्धी आचरण:

६.१ आयोगबाट सम्पादन हुने परीक्षाहरूको निष्पक्षता र गोपनीयतामा आँच पुग्ने गरी कुनै टिकाटिप्पणी वा सार्वजनिक अभिव्यक्ति दिनु हुँदैन।

६.२ आयोगको मर्यादा र विश्वसनीयतामा प्रतिकूल असर पर्ने गरी कुनै कुनै लिखित वा मौखिक मन्तव्य वा अन्तर्वार्ता दिनु हुँदैन। तर यस व्यवस्थाले आयोगले सम्पादन गरेको कामको प्रवर्द्धन गर्न र कार्यक्रमहरूको बारेमा जानकारी दिने कामलाई कुनै बाधा पर्ने छैन।

७. पदीय आचरणहरू :

७.१ लोक सेवा आयोगले लिने परीक्षाहरूको तयारी कक्षा सञ्चालन र अध्यापन गर्ने कार्यहरू गर्नु गराउनु हुँदैन ।

७.२ सार्वजनिक समारोह वा कुनै सामाजिक क्रिया-कलापहरूमा सहभागी हुँदा पदीय मर्यादा ख्याल राख्नु पर्नेछ।

७.३ आफैं प्रत्यक्ष रूपमा संलग्न भई व्यापार व्यवसाय गर्नु हुँदैन।

तर सार्वजनिक रूपमा जारी गरिने ऋण तथा बचत पत्र र शेयर खरिद वा बिक्री गर्न, प्रचलित कानून बमोजिम दर्ता भएको संघ संस्थाको शेयर खरिद वा बिक्री गर्न एवम् सहकारी संस्थाहरूको सदस्य हुन र शेयर वापतको लाभांश लिन बाधा पर्ने छैन।

७.४ आयोगको काममा बाधा नपर्ने गरी आफ्नो विषय विज्ञता र अनुभव भएको विषयमा लेख रचना वा पुस्तक लेख्न र प्रकाशन गर्न, कुनै निकायलाई परामर्श दिन, प्रवचन (लेक्चर) दिन वा अध्ययन र अनुसन्धानको क्षेत्रमा काम गर्न सकिनेछ।

७.५ आयोगको काममा बाधा नपर्ने गरी साहित्य, कला, संस्कृति, खेलकुद, शिक्षा, ज्ञान, विज्ञान, प्रविधि, मनोरञ्जन, सामाजिक सेवा, पेशासँग सम्बन्धित निकायमा सदस्य हुन सकिनेछ।

७.६ आयोगको काममा बाधा नपर्ने गरी कुनै राजनैतिक दल र सो सँग सम्बन्धित भातृ संगठनहरू बाहेक सामाजिक सेवा, आध्यात्मिक वा धार्मिक कार्यक्रम वा पेशागत र व्यावसायिक हकहित सम्बन्धी कुनै सभा, सम्मेलनमा सम्बन्धित संघ संस्थाको आमन्त्रणमा अतिथि हुन वा विषय विज्ञको रूपमा आफ्ना ज्ञान र अनुभवहरू अभिव्यक्त गर्न बाधा पर्ने छैन।

७.७ गोप्य राख्नु पर्ने प्रकृतिका विषयहरू बाहेक आयोगको उद्देश्य, नीति र कार्यक्रमका बारेमा जानकारी दिन तथ्यपरक लेख रचनाहरू लेख्न र प्रकाशन गर्न सकिनेछ। सार्वजनिक प्रशासन र व्यवस्थापनका विविध पक्षहरूका बारेमा खोजमूलक लेख रचनाहरू लेख्न र प्रकाशित गर्न सकिनेछ।

७.८ नेपाल सरकार, वैदेशिक संस्था, कुनै सार्वजनिक संस्था वा सामाजिक र सांस्कृतिक सम्बन्ध रहेका व्यक्ति वा समूहले आयोजना गरेको कार्यक्रम, समारोह, भोज वा रिसेप्सन जस्ता कार्यक्रमहरूमा सहभागी हुन सकिनेछ।

८. पदाधिकारीले गर्नु नहुने कार्यहरू :

८.१ आयोगको सहमति बिना आयोगको तर्फबाट कुनै प्रकारको प्रतिबद्धता व्यक्त गर्ने।

८.२ कर्तव्य पालना गर्दा जानकारीमा आएको कानून बमोजिम गोप्य राख्नुपर्ने विषय वा कागजात वा व्यहोरा सार्वजनिक गर्ने।

८.३ आयोगका कुनै पदाधिकारी वा कर्मचारीले गरिरहेको गोपनीयता कायम गर्नु पर्ने कुनै काममा अनावश्यक रूपमा खोजीनिती गरी गोपनीयता कमजोर बनाउने।

८.४ आयोगको कामहरूमा बाधा पुग्ने गरी कुनै काम गर्ने।

८.५ आयोगको मर्यादामा आँच आउने कुनै काम गर्ने।

प्रदेश लोक सेवा आयोग
बागमती प्रदेश
हेटौंडा, मकवानपुर

परिच्छेद – ३

## दक्ष/विज्ञले पालना गर्नु पर्ने आचरण

९. प्रश्नपत्र निर्माण तथा परिमार्जन सम्बन्धी आचरणहरू:

९.१ प्रश्नपत्र निर्माण वा परिमार्जन गर्दा गोप्य रूपमा गर्नु पर्नेछ।

९.२ कुन पद, तह वा बिषयको प्रश्नपत्र निर्माण वा परिमार्जन गर्न दिइएको हो सो कुरा कसैलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा व्यक्त गर्न हुँदैन।

९.३ प्रश्नपत्र निर्माण वा परिमार्जन गर्दा बनाइएको टिप्पणी एवम् खेस्रा तत्कालै उपयुक्त तरिकाले नष्ट गर्नु पर्नेछ। यस्ता टिप्पणी वा खेस्रा कसैलाई देखाउने काम गर्न हुँदैन।

९.४ प्रश्नपत्र निर्माण वा परिमार्जन गर्ने व्यक्तिले आफूले निर्माण वा परिमार्जन गरेको प्रश्नपत्रको प्रतिलिपि आफूसँग राख्न हुँदैन। कम्प्युटरमा भए तत्काल पुन: स्टोर नहुने गरी डिलिट गर्नु पर्नेछ। यो कार्य सम्पन्न नगरेसम्म प्रयोगमा ल्याइएको कम्प्युटर कसैलाई प्रयोग गर्न दिनु हुँदैन।

९.५ जुन पदको प्रश्नपत्र निर्माण वा परिमार्जन गर्न दिइएको हो सो पदको परीक्षामा आफ्नो नाता सम्बन्ध भएका व्यक्ति उम्मेदवार भएमा प्रश्नपत्र निर्माण वा परिमार्जनको कार्यमा संलग्न हुनु हुँदैन। प्रश्नपत्र निर्माण वा परिमार्जन गरेपछि यसबारे जानकारी हुन आएमा आयोगलाई यथाशीघ्र जानकारी गराउनु पर्नेछ।

९.६ लोक सेवा आयोगको परीक्षा सम्बन्धी तयारी कक्षाको सञ्चालन, श्रोत व्यक्तिको रूपमा अध्यापन वा प्रवचनको कार्यमा संलग्न कुनै व्यक्ति प्रश्नपत्र निर्माण वा परिमार्जनको कार्यमा संलग्न हुनु हुँदैन।

१०. उत्तरपुस्तिका परीक्षण सम्बन्धी आचरण:

१०.१ जुन पद वा विषयको उत्तरपुस्तिका परीक्षण गर्न दिएको हो सो कुरा कसैलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा व्यक्त गर्नहुँदैन।

१०.२ जुन पदको उत्तरपुस्तिका परीक्षण गर्न दिइएको हो सो पदको परीक्षामा आफ्नो नाता सम्बन्ध भएका व्यक्ति उम्मेदवार भएको वा उम्मेदवार भएको जानकारी हुन आएको अवस्थामा उत्तरपुस्तिका परीक्षणको कार्यमा संलग्न हुनुहुँदैन।

१०.३ उत्तरपुस्तिका परीक्षण गर्दा प्रदान गरिएको अङ्क कहीं कतै व्यक्त गर्नुहुँदैन।

१०.४ लोक सेवा आयोगको परीक्षा सम्बन्धी तयारी कक्षाको सञ्चालन वा श्रोत व्यक्तिको रूपमा अध्यापन वा प्रवचनको कार्यमा संलग्न कुनै व्यक्ति उत्तरपुस्तिका परीक्षणको कार्यमा संलग्न हुनुहुँदैन।

११. प्रयोगात्मक परीक्षा/सामूहिक छलफल/सीप परीक्षण र अन्तर्वार्तामा संलग्न हुँदा पालना गर्नु पर्ने आचरण:

११.१ नाता सम्बन्ध भएका व्यक्ति उम्मेदवार भएमा सो समूहको प्रयोगात्मक परीक्षा/सामूहिक छलफल/सीप परीक्षण र अन्तर्वार्तामा बस्नु हुँदैन।

११.२ प्रयोगात्मक परीक्षा/सामूहिक छलफल/सीप परीक्षण र अन्तर्वार्ता हुनुभन्दा अघि र पछि त्यस्तो परीक्षामा आफू संलग्न हुने वा भएका कुरा कहीं कतै व्यक्त गर्नु हुँदैन।

११.३ प्रयोगात्मक परीक्षा/सामूहिक छलफल/सीप परीक्षण र अन्तर्वार्तामा अङ्क प्रदान गरेको कुरा कहीं कतै व्यक्त गर्ने वा संकेत गर्नु हुँदैन।

११.४ लोक सेवा आयोगको परीक्षा सम्बन्धी तयारी कक्षाको सञ्चालन, श्रोत व्यक्तिको रूपमा अध्यापन वा प्रवचनको कार्यमा संलग्न कुनै व्यक्ति प्रयोगात्मक परीक्षा/सामूहिक छलफल/सीप परीक्षण र अन्तर्वार्तामा संलग्न हुनु हुँदैन।

१२. <u>बढुवा समितिमा सहभागी हुँदा पालना गर्नुपर्ने आचरण:</u>

१२.१ बढुवा समितिको बैठक बस्नु भन्दा अघि कुन पदको बढुवामा भाग लिने हो सो कुरा कहीं कतै व्यक्त गर्नु हुँदैन।

१२.२ बढुवा समितिको बैठकमा के के बिषयमा छलफल भयो र सो बिषयमा क–कसले के के राय दिए, सो कुरो कसैलाई व्यक्त गर्नु हुँदैन।

१२.३ उम्मेदरवारले कार्यसम्पादन मूल्याङ्कनमा प्राप्त गरेको अङ्क कहीं कतै व्यक्त गर्ने वा संकेत गर्नु हुँदैन।

## परिच्छेद-४
## कर्मचारीले पालना गर्नु पर्ने आचरण

१३. <u>पदीय जिम्मेवारी भित्रका आचरण:-</u>

१३.१ आयोगको वार्षिक कार्यतालिका वा निर्दिष्ट कार्यक्रम अनुसार आफूलाई तोकिएको महाशाखा वा शाखाहरूको कामहरू स्वीकृत कार्य विवरण र सम्झौता भए सम्झौता बमोजिम इमान्दारीका साथ सम्पन्न गर्नु गराउनु पर्नेछ।

१३.२ परीक्षा सम्बन्धी काममा आ-आफ्नो जिम्मेवारीहरू निर्वाह गर्दा अनिवार्य रूपमा व्यक्तिगत रूपमा गोपनीयता कायम राख्नु पर्नेछ ।

१३.३ आयोगबाट सम्पादन हुने परीक्षाहरूको निष्पक्षता र गोपनीयतामा आँच पुग्ने गरी कुनै टिकाटिप्पणी गर्ने वा अनधिकृत व्यक्तिलाई कुनै पनि तरिकाले जानकारी दिने कार्य गर्नु हुँदैन्।

१३.४ लोक सेवा आयोगले लिने कुनै पनि परीक्षाहरूको तयारी कक्षा सञ्चालन र अध्यापन गर्ने जस्ता कार्यहरूमा सहभागी हुनुहुँदैन।

१३.५ आफूलाई स्पष्ट जानकारी नभएका कार्यहरूमा तोकिएको एक तहमाथिको कर्मचारीबाट प्राप्त निर्देशन बमोजिम मात्र कार्य सम्पादन गर्नु पर्नेछ।

१३.६ आयोगलाई आक्षेप आउने गरी कुनै काम गर्नु गराउनु हुँदैन।

१४. <u>नाता सम्बन्ध भएका व्यक्ति संलग्न रहेको परीक्षाको देहायको काम कारबाहीमा संलग्न नहुने :-</u>

१४.१ त्यस्तो व्यक्ति उम्मेदवार भएको परीक्षा केन्द्रमा जानाजान नखटिने र समयमै आयोगलाई जानकारी गराई वैकल्पिक व्यवस्थाको लागि सहयोग गर्ने।

१४.२ त्यस्तो व्यक्ति उम्मेदवार भएको परीक्षाको उत्तरपुस्तिकामा संकेत नम्बर राख्ने कार्यमा संलग्न नहुने।

१४.३ त्यस्तो व्यक्ति उम्मेदवार भएको परीक्षाको प्रश्नपत्र छपाइमा संलग्न नहुने।

१४.४ त्यस्तो व्यक्ति उम्मेदवार भएको परीक्षाको प्रश्नपत्र निर्माण, प्रश्नपत्र परिमार्जन र उत्तरपुस्तिका परीक्षण गर्न पठाउने कार्यमा संलग्न नहुने।